नेपाल सरकार

**रक्षा मन्त्रालय**

नेपाली सेना

फोन नं.०७१४०५१४०
**ईमेल:** no2talimgana@gmail.com

नं. २ तालिम गण,
सैनामैना व्यारेक,रुपन्देही ।

मिति:२०७६।०१।२२ गते ।

प.सं.: १५६२८/लेखा/२३/०७५/७६/३२,

श्री गूप्ती गणेश-कन्काई माई जे/भि,
अधिकारनामा: उदय बहादूर बस्नेत,
गोकर्णेश्वर-९, काठमाण्डौ ।

<u>बोलपत्र स्वीकृत गरिएको सम्बन्धमा</u>

१. उपरोक्त सम्बन्धमा, यस नं.२ तालिम गण, सैनामैना ब्यारेक, रुपन्देहीमा बिभिन्न भवन मर्मत कार्यहरु बिद्यूतिय बोलपत्रको माध्यमबाट गर्ने सम्बन्धमा मिति २०७५/१२/११ गते "अन्नपूर्ण पोष्ट" राष्ट्रिय दैनिक पत्रिका र सार्वजनिक खरिद अनूगमन कार्यालयको Website://bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशित सूचना नं.NA/N2T/075/76/01अनूसार मिति २०७६/०१/११ गतेको १२०० बजेसम्म Upload भएका बिद्यूतिय बोलपत्रहरु मध्ये तपाईले पेश गर्नू भएको बिद्यूतिय बोलपत्र मूल्य अभिवृद्धि कर बाहेक रु.९२,७८,०३८।२९ (बयानब्बेलाख अठहत्तरहजार अठ्तिस रुपैया र पैसा उनानतिस मात्र) र सो को १३% मू.अ.कर रु.१२,०६,१४४।९८ (बाह्रलाख छहजार एकसय चौवालिस र पैसा अन्ठानब्बे) गरी जम्मा जम्मा कबोल अंक रू.१,०४,८४,१८३।२७ (एककरोड चारलाख चौरासीहजार एकसय त्रियासी र पैसा सत्ताईस) सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद ३ को दफा २७ को उपदफा (३), (४), (५) र (६) बमोजिम ठेक्का स्वीकृत गरिएको ब्यहोरा जानकारी गराईन्छ ।

२. ठेक्का सम्झौता गर्नको लागि कबोल अंकको पांच प्रतिशतले हून आउने रकम रु.५,२४,२१०।०० (पांचलाख चौबिसहजार दूईसय दश रुपैया मात्र) कार्य सम्पादन जमानत राख्नू पर्ने भएको हूंदा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत प्राप्त बाणिज्य बैंकले जारी गरी कम्तिमा १३ (तेह्र) महिना मान्य अवधि भएको बैंक ग्यारेण्टी पत्र वा यस नं.२ तालिम गणको कार्यालय कोड नं. ३७-३४५-१२ बाट श्री कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीको श्री कृषि बिकास बैंक लिमिटेड भैरहवा शाखामा रहेको धरौटी खाता नं.०४१४३०१०१४२५३०२७ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर सहित १५ (पन्ध्र) दिन भित्र (बाटो म्याद सहित) यस नं.२ तालिम गणमा पेश गरी सम्झौता गर्न आउनु हुन अनुरोध गरिन्छ ।

३. उपरोक्त बमोजिम कार्य सम्पादन जमानत पेश गरी ठेक्का सम्झौता नगर्नू भएमा तपाईले बोलपत्रसाथ पेश गर्नू भएको बैंक जमानत जफत गरि दोश्रो घटिवाला फर्मसंग खरिद प्रक्रिया अगाडी बढाईने ब्यहोरा समेत जानकारीको लागि अनूरोध ।

(जित बहादुर लामा)
प्रमुख सेनानी
गणपति

<u>बोधार्थ तथा कार्यार्थ:</u>
श्री स्वदेश तालिम शाखा, सैनिक तालिम निर्देशनालय,
सैनिक तालिम तथा डक्ट्रिन महानिर्देशनालय,
बलाधिकृत बिभाग, जंगी अड्डा ।
श्री प्रबन्धरथीको कार्यालय, जङ्गी अड्डा ।
श्री जनसम्पर्क तथा सूचना निर्देशनालय,
जङ्गी अड्डा: माथि उल्लेखित यस नं.२ तालिम गणको भवन मर्मत स्विकृती सम्वन्धी सूचना नेपाली सेनाको वेब साईटमा राखिदिनु हून ।
श्री स्थपति निर्देशनालय, जङ्गी अड्डा ।
श्री सार्वजनिक खरिद अनूगमनको कार्यालय, काठमाण्डौं ।
श्री वारसी कन्स्ट्रक्सन प्रा.लि.,सिद्धार्थनगर-०६, रुपन्देही ।